प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगईन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : १०९ ॥ २०८१ जेठ १६ गते बुधबार (29th May 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

# १८ खर्ब ६० अर्ब ३० करोडको बजेट



झापा(प्रस)। आगामी आर्थिक वर्षका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड रुपैयाँको बजेट विनियोजन गरेको छ। जसअनुसार चालु खर्च ११ खर्ब ४० अर्ब ६६ करोड (६१.३१ प्रतिशत), पुँजीगत खर्च ३ खर्ब ५२ अर्ब, वित्त व्यवस्थापनमा ३ खर्ब ६७ अर्ब रुपैयाँ विनियोजन गरिएको छ।

यो बजेट यस वर्षको सुरुको विनियोजन भन्दा करिब २१ प्रतिशत र संशोधित अनुमानको ६.२ प्रतिशतले बढी हो।

चालु आर्थिक वर्ष १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाख रुपैयाँको बजेट ल्याएको थियो। अर्धवार्षिक समीक्षामार्फत त्यसलाई सवा २ खर्ब घटाएको थियो।

३४७ बुँदामा समेटिएको बजेटको आकार चर्चा गरिए जस्तो अस्वाभाविक वृद्धि गरेर नआउनु नै यसको सबैभन्दा सुन्दर पक्ष हुन पुगेको छ। गत माघमा राष्ट्रिय योजना आयोगले १८ खर्ब रुपैयाँसम्मको बजेट ल्याउन सीमा निर्धारण गरेको थियो। तर स्रोत सुनिश्चित नभएका राजनीतिक स्वार्थका परियोजना जथाभावी थपेर अस्वाभाविक आकारको बजेट आउने चर्चाबीच सरकारले गत वर्षको तुलनामा सामान्य वृद्धिसहितको बजेट सार्वजनिक गरेको हो।

यो आकारको बजेट समेत कार्यान्वयन हुनेमा आशंका छ। चालू आर्थिक वर्षमा सरकारले १७ खर्ब ५१ अर्ब रुपैयाँको बजेट प्रस्तुत गरेकोमा ८० प्रतिशत हाराहारीमा मात्रै खर्च हुने अनुमान छ।

आगामी वर्षको बजेटले १२ खर्ब ६० अर्ब रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेको छ। यस वर्ष १२ खर्ब ४८ अर्ब रुपैयाँ राजस्व उठाउने लक्ष्य राखिएकोमा आर्थिक वर्ष सकिन डेढ महीना बाँकी रहँदा ६० प्रतिशत मात्रै राजस्व संकलन भएको छ। आर्थिक क्रियाकलाप शिथिल भएको पृष्ठभूमिमा आगामी वर्ष पनि लक्ष्य अनुसार राजस्व उठाउन सरकारलाई हम्मे पर्ने आकलन गर्न कठिन छैन।

सबैभन्दा महत्वपूर्ण आगामी आर्थिक वर्षमा सरकारले उठाउने आन्तरिक ऋणको परिमाण ह्वात्तै बढेको छ। आगामी वर्ष तीन खर्ब ३० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउन प्रस्ताव गरिएको छ। यो चालू आर्थिक वर्षको भन्दा ९० अर्ब रुपैयाँ धेरै हो। बाह्य ऋण दुई खर्ब १८ अर्ब रुपैयाँ उठाउने प्रस्ताव छ।

यी दुवै ऋण प्रस्ताव जोड्दा कुल गार्हस्थ्य उत्पादनको नौ प्रतिशतभन्दा बढी ऋण एकै वर्षमा उठाउन खोजिएको छ। खर्चका तुलनामा राजस्व आम्दानी न्यून भएपछि सरकारले ऋण काढेर रकम जोहो गर्ने प्रवृत्तिलाई अझ विस्तार गरेको छ। सरकारले आन्तरिक ऋण धेरै उठाएपछि बजारमा उपलब्ध रकम कम हुन्छ, जसले गर्दा ब्यांकको ब्याजदर बढ्ने सम्भावना हुन्छ। अर्कातिर यसले सरकारको ऋण दायित्व बढाउँछ।

यसअघि लिएको ऋणको सावाँ-ब्याज भुक्तानी बापतको रकम लगातार बढिरहेको छ। आगामी वर्ष विकासलक्षियत पूँजीगत खर्चका लागि तीन खर्ब ५२ अर्ब रुपैयाँ छुट्याइएको छ भने वित्तीय व्यवस्थाका लागि तीन खर्ब ६७ अर्ब रुपैयाँ। यसले विकासका लागि भन्दा बढी रकम ऋणको किस्ता तिर्न खर्चनुपर्ने देखाउँछ। अर्थमन्त्री पुनको बजेटमा कृषि, ऊर्जा, सूचना प्रविधि, पर्यटन तथा उद्यमशीलता र औद्योगिक विकासलाई प्राथमिकता सहित रूपान्तरणकारी क्षेत्र भनी उल्लेख गरिएको छ। बजेटले एक दशक (२०८१ देखि २०९१ साल)लाई कृषिमा लगानी दशक घोषणा गरेको छ। सरकारी, निजी, सहकारी र विकास साझेदारबाट कृषिमा लगानी अभिवृद्धि गर्न यो दशक घोषणा गरिएको उल्लेख छ।

यसअघि आर्थिक वर्ष २०७९/८० को बजेटमा तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले कृषिलाई पहिलो प्राथमिकतामा राख्दै कृषि क्षेत्रलाई रूपान्तरण गर्न आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम घोषणा गरेका थिए। तर ती कार्यक्रम कार्यान्वयन भएर कृषिमा कुनै रूपान्तरणकारी सुधार भएको छैन। कृषि वस्तुको आयात यथावत् छ। यसले आगामी वर्षमा पनि कृषिमा रूपान्तरणकारी काम हुनेमा शंका छ।

बाँझो जमिनमा खेती गर्ने, किसानलाई मलखाद-बीउ उपलब्ध गराउने, ऋणमा ब्याज अनुदान दिने, चक्लाबन्दी गरी खेती गर्नेलाई सुविधा दिने लगायत यसअघि नै घोषणा हुँदै आएका कार्यक्रम दोहोरिएका छन्।

बजेटले आगामी वर्ष ९०० मेगावाट विद्युत् थप गरी समग्र प्रणालीको क्षमता चार हजार ५०० मेगावाट पुऱ्याउने घोषणा गरेको छ। अहिले विद्युत् आयोजनाको जडित क्षमता तीन हजार ३०० मेगावाट हाराहारी पुगिसकेको छ भने केही आयोजना निर्माणको अन्तिम चरणमा पुगेका छन्। त्यसैले विद्युत्को उत्पादन क्षमता आगामी वर्ष चार हजार मेगावाट नाघ्ने सम्भावना छ।

बजेटले एक हजार २०० मेगावाटको बूढीगण्डकी, ६७० मेगावाटको दूधकोशी र ४१७ मेगावाटको नलसिंगाड जलविद्युत् आयोजना निर्माण गर्ने घोषणा गरेको छ। तर यी आयोजना कार्यान्वयनको स्रोत कहाँबाट जुट्छ स्पष्ट छैन। बूढीगण्डकी जलविद्युत् आयोजनाका लागि मात्रै चार खर्ब रुपैयाँ हाराहारीमा लागत लाग्ने अनुमान

❖ बाँकी अन्तिम पृष्ठमा

# निन्दा खोलामा डुबेर शिक्षक भण्डारीको मृत्यु

झापा(प्रस)। झापाको मेचीनगर ३ स्थित निन्दा खोलामा डुबेर एकजनाको मृत्यु भएको छ। मंगलवार दिउँसो १ बजेको समयमा मेचीनगर नगरपालिका ३ निन्दा खोलामा सोही वडाको बडाखाल बस्ने ४० वर्षीय शिक्षक धनराज भण्डारी पौडी खेल्न गएका थिए। त्यस क्रममा डुबेर बिहोस भएका भण्डारीलाई स्थानीयले देखेर उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाएकोमा दिउँसो २:३४ बजे उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

अनुसन्धानको लागि ईलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट प्रहरी नायव उपरीक्षकको टोली खटिगई घटनास्थलमा मुचुल्का सम्पन्न गरी सो



सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको झापा प्रहरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक कृष्णकुमार चन्दले बताए।मृतक भण्डारी मेचीनगर ३ स्थित नवज्योति निमाबिका शिक्षक भएको बताइएको छ। गणतन्त्र दिवसका दिन सार्वजनिक विदा भएपछि चर्को गर्मीका कारण घरदेखि डेढ किलोमिटर टाढाको स्थानीय निन्दा खोलामा १२ र ८ वर्षका २ जना छोराहरुलाई लिएर उनी पौडी खेल्न गएका थिए। स्थानीयका अनुसार पौडी खेल्ने क्रममा कान्छो छोरा ८ वर्षका पौडी खेलेर छेउमा बसिरहेका थिए। जेठो छोरा पौडी खेल्ने क्रममा अलिक गहिरो पानीमा पुगेपछि डुब्न पुगेका थिए। नजिकै रहेका उनका बुबा भण्डारीले छोरालाई समस्या परेको देखेपछि बचाउन खोलामा हमफाले। छोरालाई धकेलेर किनारमा पठाए। तर, आफू चाहिँ गहिरो भएको पानीमा पौडी खेल्न नसकेर डुबे। भण्डारी डुबेर बेहोस भएका थिए। छोराहरुले स्थानीयलाई हारगुहार गरेपछि स्थानीयले आएर भण्डारीलाई उद्धार गरेका थिए।

# सहकारीको बचत अपचलन छानबिन गर्ने समिति



झापा(प्रस)। सहकारीको बचत रकम अपचलनसम्बन्धी छानबिन गर्न संसदीय छानबिन समिति गठन भएको छ। एमाले सांसद सूर्यबहादुर थापाको संयोजकत्वमा ७ सदस्यीय छानबिन समिति गठन भएको हो।

समितिमा एमालेकी सरिता भुसाल, कांग्रेसबाट ईश्वरी न्यौपाने र बद्री पाण्डे, माओवादीबाट लेखनाथ दाहाल, रास्वपाबाट शिशिर खनाल र राप्रपा ध्रुवबहादुर प्रधान रहेका छन्। समितिको नाम 'सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति' राखिएको छ। संसदीय छानबिन समितिको क्षेत्राधिकार तोक्न गठित कार्यदलले मंगलबार दिउँसो ४ बुँदे कार्यादेश तय गरेको छ। साथै समितिको कार्यावधि पनि ३ महिना तोकिएको छ। कार्यक्षेत्रको पहिलो बुँदामा 'सहकारी संस्थाहरूमा देखिएको सङ्कट तथा यससँग जोडिएको कानुनी र संस्थागत प्रयोजन एवं वित्तीय प्रणालीको नियमन, सुपरीवेक्षण र पारदर्शिता सम्बन्धमा अध्ययन गरी सुझाव दिने' उल्लेख छ। त्यस्तै दोस्रो बुँदामा 'समस्यामा परेका सहकारी संस्थाका बचतकर्ताको बचत रकमको सुरक्षा गर्न, जोखिममा रहेको तथा दुरुपयोग भएको बचत रकम छिटो र सहज ढङ्गले फिर्ता गर्न सकिने उपायका सम्बन्धमा अध्ययन गरी सिफारिस गर्ने' उल्लेख गरिएको छ।

त्यस्तै तेस्रो बुँदामा बचतकर्ताको बचत सुरक्षा र बचत फिर्ता अविलम्ब गर्नेबारे उल्लेख गरिएको छ।'नेपाल सरकार सहकारी विभाग र समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले सार्वजनिकीकरण गरेका अनुसूची-१ मा उल्लेख भएका संस्थाहरू लगायतका सहकारी संस्थामा देखिएका समस्या समाधानको प्रयास र ती सहकारीमा आबद्ध बचतकर्ताको बचत सुरक्षा र फिर्ता को प्रक्रिया कहाँ पुगेको छ सो को अध्ययन विश्लेषण गरी अविलम्ब बचत फिर्ताको उपायसहितको सुझाव दिने,' तेस्रो बुँदामा भनिएको छ।

चौथो बुँदामा भने गोरखा मिडिया नेटवर्कमा पैसा गएका सहकारीको छानबिन गर्ने जनाइएको छ। चौथो बुँदामा भनिएको छ, 'सहकारी संस्था सदस्य (शेयर धनी) एवं बचतकर्ताबाट सहकारी संस्थामा जम्मा गरिएको रकम हिनामिना, अपचलन, अनुचित लेनदेन गरी हानी नोक्सानी पुऱ्याएको भनी संघीय संसद् र सार्वजनिक रूपमा प्रश्न उठेका, विभिन्न तह र निकायमा उजुरी परेका अनुसूची २ मा उल्लेखित लगायतका सहकारी संस्थाहरूबाट गोरखा मिडिया नेटवर्क प्रालि लगायत अन्य कम्पनी वा संस्थाहरूमा प्रवाह भएको रकमको स्थिति, सो रकम गैर कानुनी रूपमा प्रवाह भए-नभएको, र त्यस्तो गैर कानुनी वा अनुचित कार्यमा कोही संलग्न देखिएमा त्यस्ता व्यक्तिहरूको बारेमा अध्ययन छानबिन गरी जोखिममा परेको रकमको असुलीको उपाय र संलग्न देखिएका व्यक्तिहरूलाई कानुन बमोजिम कारबाहीका लागि आवश्यक सिफारिस गर्ने।'

संसदीय छानबिन समितिको क्षेत्राधिकार तोक्नका लागि कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा कांग्रेस सहमहामन्त्री जीवन परियार, एमाले प्रमुख सचेतक महेश बर्तौला र रास्वपा सांसद शिशिर खनाल सम्मिलित कार्यदल बनाइएको थियो। सोमबार बेलुका दलहरूबीच सहमति भएपछि मंगलबार बसेको कार्यदलको बैठकले कार्यादेशलाई अन्तिम रूप दिएको हो।

# झापाली समाज युएसएको पहलमा विद्यार्थीलाई छात्रवृत्ति

झापा(प्रस)।अमेरिकामा रहेका झापालीहरुको साझा संस्था झापाली समाज युएसएको अगुवाईमा झापाका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति वितरण गरिएको छ।

मंगलवार बिर्तामोडमा एक कार्यक्रमको आयोजना गरी समाजले झापा जिल्ला सहकारी संघ र काठमाडौंस्थित झापा विकास मञ्चको सहकार्यमा छात्रवृत्ति वितरण गरेको हो।

झापाका सामुदायिक विद्यालयका विपन्न तथा मेधावी विद्यार्थीलाई तेस्रो वर्षको कार्यक्रमअन्तर्गत छात्रवृत्ति वितरण गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि झापाका शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख राजकुमार विकको उपस्थितिमा जिल्लाका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो। कार्यक्रममा छात्रवृत्ति पाउने विद्यार्थीसमेत



उपस्थित थिए।

झापाली समाज अमेरिकाले एउटा महत्वकांक्षी छात्रवृत्ति कार्यक्रम ' एक व्यक्ति एक विद्यार्थी' का लागि अभियान नै सञ्चालन गरेर रकम संकलन गरेको थियो।

यसैबीच, झापा जिल्ला सहकारी संघले छात्रवृत्ति कोषको घोषणा गरेको छ। एक करोड रुपैयाँ कोष स्थापना गर्नेगरी घोषणा गरिएको हो।

कोषका लागि संघका अध्यक्ष गणेश ढकाल र वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले एक-एक लाख तथा सचिव भवानीप्रसाद दंगालले ५० रुपैयाँ प्रदान गरेका छन्।

कार्यक्रमका बीच झापाली समाज साउदी अरबियाका तर्फबाट संस्थापक अध्यक्ष मदन ओडारीले झापाली समाज युएसएका संस्थापक अध्यक्ष मुकुन्द ढुंगानालाई छात्रवृत्ति कार्यक्रमका लागि पाँच लाख रुपैयाँको चेक हस्तान्तरण गरेका थिए।

झापा जिल्ला सहकारी संघमार्फत जिल्लाका २२ वटा सहकारीले छात्रवृत्ति अभियानमा सहयोग गरेका छन्। झापाका सबै क्षेत्र समेटिने गरी सामुदायिक विद्यालयहरु छनोट गरिएको जनाइएको छ।

यसैबीच, सोही कार्यक्रममा झापाली समाज युएसएले कनकाई नगरपालिकालाई शवबाहनको चाबी हस्तान्तरण गरेको थियो। झापाली समाज युएसएको पहलमा रकम संकलन गरी शवबाहन खरिदका लागि रकम पठाइएको थियो।

संघका वरिष्ठ उपाध्यक्ष महेन्द्रकुमार गिरीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि विक, झापा विकास मञ्चका डक्टर आनन्द श्रेष्ठ, कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

संघका सचिव भवानीप्रसाद दंगालले सञ्चालन गरेको कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष गणेश ढकालले गरेका थिए।

ऋषिकेश
Ayurvedic Hair Oil
३५ जडिबुटीयुक्त
- कपाल झर्न नदिने
- नया कपाल उमार्ने
- सिल्की बनाउने
- चाया हटाउने
- टाउको चिलाउन रोक्ने

Chemical free, no side effects
100% Natural
Price
~~Rs. 1500/-~~
Rs. 1050/-




Free Home Delivery

Rishikesh Ayurvedic
Kathmandu, Nepal
Mobile/Whatsapp: 9810095900, 9844600332

# रिक्छेनलाई भद्रपुर झापा गोल्डकपको सम्मान

झापा(प्रस) । महिलातर्फको फुटबल प्रशिक्षणका लागि अन्डर १३ तर्फ अखिल नेपाल फुटबल संघ (एन्फा)को छनोटमा परेकी झापा भद्रपुर निवासी रिक्छेन गुरुङलाई भद्रपुर झापा गोल्डकपले सम्मानसहित बधाई ज्ञापन गरेको छ ।

भद्रपुर झापा गोल्डकपकै अगुवाइमा भइरहेको महिला फुटबल प्रशिक्षणमा नियमित सहभागिता जनाइरहेकी रिक्छेनलाई एन्फाले महिला फुटबल प्रशिक्षणका लागि कोशी प्रदेशबाट छनोट गरेको हो ।

भद्रपुर झापा गोल्डकपका फुटबल प्रशिक्षकहरु गम्भीर राई, अर्जुन राई, भरत गुरुङ र टेकबहादुर राईले विगत ६ महिनादेखि भद्रपुर क्षेत्रका २२ जना महिला खेलाडीलाई फुटबलको प्रशिक्षण दिइरहेका छन् । प्रशिक्षणमा फरवार्ड पोजिशनमा आफूलाई अब्बल सावित गर्दै आएकी रिक्छेनलाई एन्फाले उनको खेल कौशल देखेर छनोट गरेको प्रशिक्षक भरत गुरुङले बताए ।

मंगलबार मेची रंगशालास्थित भद्रपुर झापा गोल्डकपको सचिवालयमा आयोजित संक्षिप्त कार्यक्रमका बीच रिक्छेनलाई गोल्डकपका अध्यक्ष दिपेश ढकाल, उपाध्यक्ष मनोज सुब्बा, महासचिव जीवनकुमार श्रेष्ठ, प्रमुख सल्लाहकार टिकाराज ढकाल, सदस्य नितेश वर्मा, कुमार श्रेष्ठ, खोमाकुमारी दाहाल, शम्सेर मोक्तानलगायतले रिक्छेनलाई अबिर-खादा लगाइदिएर सम्मानसहित एन्फाको प्रशिक्षणमा अब्बल खेल प्रदर्शन गर्न सुझाव दिएका थिए ।अब रिक्छेनले एन्फाको क्यालेन्डर अनुसार प्रशिक्षण लिने छिन् ।

रिक्छेन एन्फाको छनोटमा पर्नु भद्रपुर झापा गोल्डकपको एक महत्वपूर्ण उपलब्धि भएको अध्यक्ष ढकालले बताए । अहिले भद्रपुर झापा गोल्डकपले महिलाहरुलाई प्रशिक्षण दिन थालेपछि झापामा फुटबल खेलतर्फ छात्राहरु निकै उत्साहित देखिन थालेका छन् ।

भद्रपुर झापा गोल्डकपले २०७९ फागुनमा अत्यन्त भव्यताका साथ सफलतापूर्वक प्रथम भद्रपुर झापा गोल्डकप सम्पन्न गरेलगत्तै पुरुषतर्फको अण्डर १९ र अण्डर १५ को प्रशिक्षण, ग्रासरुट प्रशिक्षण सुरु गर्नुका साथै गत वर्षको मंसिरमा झापामै पहिलोपटक जिल्लास्तरीय अन्तरपालिका लिग तथा नकआउट फुटबल प्रतियोगिता सम्पन्न गरेको थियो ।

यही वर्षको फागुन महिनामा दोस्रो भद्रपुर झापा गोल्डकप आयोजनाको तयारीमा जुटिसकेको भद्रपुर झापा गोल्डकपले झापाको फुटबल प्रवर्द्धनका लागि सबै पक्ष एकजुट हुन आह्वान पनि गरेको छ । 'झापालाई फुटबल हब बनाउन हामी लागिपरेका छौं', गोल्डकपका अध्यक्ष ढकालले भने- 'तर, यो हाम्रो प्रयासबाट मात्र संभव छैन, सबै क्षेत्रको साथ-सहयोग चाहिन्छ ।'

# बिर्तामोडका धेरै महिलामा आङ खस्ने समस्या

झापा(प्रस) । बिर्तामोडका धेरै महिलामा आङ खस्ने समस्या पाइएको छ ।

लायन्स क्लब अफ बिर्तामोड लेडीले बीएण्डसी तथा पूर्वाञ्चल क्यान्सर अस्पतालको प्राविधिक सहयोग र बिर्तामोड नगरपालिकाको सहयोगमा जलकन्या मन्दिर बुट्टाबारी-६ मा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरमा महिलामा सो समस्या भेटिएको हो । ८१ जना महिलाले



आफ्नो पाठेघरसम्बन्धी जाँच गराउँदा ११ जनाको आङ खस्ने समस्या भेटिएको लायन्स क्लब अफ बिर्तामोड लेडीकी अध्यक्ष निरु उप्रेती ओलीले बताइन् ।

पाठेघर सम्बन्धी सचेतना तथा पाठेघरको मुखको क्यान्सर जाँचसम्बन्धी निःशुल्क स्वास्थ्य शिविरमा गाइनोक्लोजिष्ट डाः ज्योति लामाको टीमले सचेतनासंगै स्वास्थ्य जाँच गरेको थियो । बिर्तामोड नगरपालिकाका नगर प्रमुख पवित्रा महतारा प्रसाईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा लायन्स लिडर, बीएण्डसी तथा पूर्वाञ्चल क्यान्सर अस्पतालका स्वास्थ्यकर्मी , छठ युवा फ्रन्ट, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।


## श्री विराट बहुउद्देश्यीय सहकारी संस्था लि.

बिर्तामोड-३, सैनिकमोड झापा

## कर्जा बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०२/१६

यस विराट बहुउद्देश्यीय सहकारी संस्था लि.सँग कर्जा कारोवार गर्ने तपशिल बमोजिमका सदस्यहरुले संस्थासँग गरेको सम्झौता बमोजिम तिर्नु, बुझाउनुपर्ने साँवा तथा ब्याज रकम लामो समयदेखि हालसम्म नबुझाएको, पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत बेवास्ता गरेको हुँदा उक्त रकम तिर्न बुझाउन हुन ३५ दिने अत्यन्त जरुरी सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा आफूले बुझाउनु पर्ने सम्पूर्ण साँवा तथा ब्याज रकम संस्थाको कार्यालयमा आई बुझाउन हुन अनुरोध गरिन्छ । अन्यथा वर्तमान सहकारी ऐन, नियमावली, संस्थाको विनियम र ऋण नीति बमोजिम असुली प्रक्रिया अगाडि बढाईने कुरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

| क्र.सं. | ऋणीको नाम/थर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नीको नाम |
|---|---|---|---|---|---|
| 1 | उद्धव भेट्वाल | हाल विर्तामोड-३ | पदम प्रसाद भेट्वाल | प्रभानन्द भेट्वाल | तनुजा भेट्वाल |
| 2 | दिलरुपा गुरुङ | विर्तामोड-३ | भिम वहादुर गुरुङ | खड्ग वहादुर गुरुङ | टेक वहादुर गुरुङ |
| 3 | गौरी (गोरी) खातुन | विर्तामोड-३ | मोहमद कलमोदिन | झरुवा मिया | सराफ सेख |
| 4 | तुलसादेवी प्रसाई गुरुङ | विर्तामोड-३ | प्रेम प्रसाद प्रसाई | प्रतिमान प्रसाई | तुलाराम गुरुङ |
| 5 | मोहन शर्मा सिटौला | विर्तामोड-५ | लक्ष्मी प्रसाद सिटौला | कर्नाखर सिटौला | शान्तादेवी सिटौला |
| 6 | आशापुरी प्लान्टेशन्स प्रा.लि. धितो सुरक्षण साथै सञ्चालकहरु :<br>सर्व कल्याण कडेल<br>धर्म प्रसाद पन्त<br>फणिन्द्र पाण्डे र<br>सागर नेउपाने | गौरीगञ्ज-३ | कृष्ण प्रसाद कडेल<br>इन्द्रविलास पन्त<br>धर्मचन्द्र प्रसाद पाण्डे<br>लक्ष्मी प्रसाद नेउपाने | लक्ष्मीकान्त कडेल<br>देवी प्रसाद पन्त<br>कृष्णचन्द्र पाण्डे<br>वर्मलाल नेउपाने | |
| 7 | लक्ष्मी प्रसाद दाहाल | विर्तामोड-४ | हरिप्रसाद दाहाल | काशीनाथ दाहाल | सीता दाहाल लुइटेल |
| 8 | आशिष भट्टराई | विर्तामोड-३ | राज कुमार भट्टराई | रणविर भट्टराई | मनिशा भट्टराई |
| 9 | जयन्ती राना | विर्तामोड-३, विर्तबजार | सुरेश थापा | दलराज राना | टुङ्गराज राना |
| 10 | रञ्जना खड्का | विर्तामोड-९ | दल वहादुर थापा | समसेर वहादुर थापा | अरुण कुमार खड्का |
| 11 | संगिता बराल | विर्तामोड-७ (हाल विर्तामोड-२) | कमल प्रसाद बराल | पशुपति बराल | लक्ष्मी प्रसाद भट्टराई |
| 12 | लोकेन्द्र पाण्डे | विर्तामोड-१० | तेज प्रसाद पाण्डे | कृष्ण प्रसाद पाण्डे | अनिता पाण्डे |
| 13 | सिङ्जा मुर्मू | विर्तामोड-१० | बाबुराम मुर्मू | जेठा मुर्मू | बिक्रम हस्दा |
| 14 | दिपा कुमारी राजवंशी | विर्तामोड-१० | मोटो राजवंशी | मइचन राजवंशी | सुनिल राजवंशी |
| 15 | मैया किस्कु | विर्तामोड-१० | सोमलाल मुर्मू | भरत मुर्मू | लुकाश किस्कू |
| 16 | रिता शाहा | विर्तामोड-३ | अविचन्द शाह | | प्रेम चन्द्र शाह |
| 17 | मोहमद कौसर अली | विर्तामोड-३ | महमद गुलाम | महमद नजिवुल | इम्राना खातुन |
| 18 | प्रकाश बुढाथोकी | विर्तामोड-३ | अमृत वहादुर बुढाथोकी | जगत वहादुर बुढाथोकी | विष्णुदेवी बुढाथोकी |
| 19 | राज कुमारी राजवंशी | विर्तामोड-३ | चन्द्रसिंह राजवंशी | कमलसिंह राजवंशी | डम्बर वहादुर राजवंशी |
| 20 | लक्ष्मी हस्दा सतार | विर्तामोड-१० | नारायण किस्कु | मण्डल किस्कु | मंगल हस्दा सतार |
| 21 | जानुका देवी खत्री | विर्तामोड-१ | होम वहादुर खत्री | हरिभक्त खत्री | भानुभक्त ओली |
| 22 | राजकुमारी राजवंशी | विर्तामोड-१० | बानेश्वर राजवंशी | | गणेश लुहागुन |
| 23 | अनिता विश्वकर्मा | विर्तामोड-३ | बैजमिन दास | समुन्द्र दास | प्रदिप विश्वकर्मा |


# इलाम जिल्ला लीगमा हेलिबोधमाथि माईभ्यालीको जित

झापा(प्रस) । एन्फा इलाम जिल्ला लीगमा माईभ्याली फुटबल क्लब बिजयी बनेको छ । इलामको ठुलो टुँडिखेलमा संचालित खेलमा हेलिबोध एफसीलाई २-१ गोल अन्तरले हराउँदै माईभ्यालीले ३ अंक जोडेको हो । सुरुवाती अग्रता जोगाउन नसक्दा हेलिबोध पराजित बनेको हो । खेलको २१ औ मिनेटमा साइमन लिम्बूले हेलिबोधलाई अग्रता दिलाएका थिए । सब्स्टिच्युट खेलाडीको रुपमा मैदान प्रवेश गरेका जोएल राईले पहिलो हाफको इन्जुरी समयमा खेल बराबरी गरे । दोस्रो हाफको १५ औ मिनेटमा सागर न्यौपानेले पेनाल्टीमार्फत गोल गर्दै माईभ्यालीलाई महत्वपूर्ण ३ अंक दिलाए । बुधबार ठुलो टुँडिखेलमा हेल्लो जस्बिरे र रेडहर्स फुटबल क्लब तथा देउराली स्पोर्टिङ क्लब र क्लब ओएसिस भिडनेछन् । सोमबारको खेलमा जित निकाल्दै रेडहर्स र देउरालीले समान ३/३ अंक प्राप्त गरेका छन् । हेल्लो जस्बिरे र क्लब ओएसिस अंकविहिन छन् । देउमाई नगरपालिकाको छात्राबास खेलमैदानमा हेलिबोध फुटबल क्लब र त्रिवेणी फुटबल क्लब भिडनेछन् । हेलिबोध मंगलवारको खेलमा पराजित बनेर अंकविहीन रहँदा त्रिवेणी पहिलो खेल खेल्दैछ ।

# बुद्धशान्तिका नागरिकले राखे योजनाबारे जिज्ञासा

बुद्धशान्ति(प्रस) । झापाको बुद्धशान्ति गाउँपालिकाले सोमबार सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न गरेको छ।

लामो समयपछि आयोजना गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रममा नागरिकले गाउँपालिका कार्यालयको सेवा तथा कामकारबाहीका बारेमा जोडतोडका साथ जिज्ञासा राखेका थिए।

प्रश्नोत्तर कार्यक्रममा भाग लिँदै बुद्धशान्ति १ का गौरव ढकालले गाउँपालिकाले सानातिना भन्दा ठूला आयमूलकहरूको व्यवस्था गर्नुपर्ने सुझाव राखेका थिए । बुद्धशान्ति १ का नन्दु राईले भागिरथा बुद्धशान्ति अस्तपालको सेवा चुस्त हुनुपर्ने बताएका थिए। उनले भने, 'बुद्धशान्ति अस्पतालको सेवा २४सै घण्टा चालु होस्। अल्ट्रासाउण्ड गर्ने आउने सेवाग्राहीले दिनभर झोकै बस्नु नपरोस्।'

बुद्धशान्तिका सबै सातवटै वडाका बासिन्दाले सडकहरू समय नबनेको अवस्थाले नागरिकले भोगिरहेका पीडा, संरचना बनाउन ध्यान नदिइएको, शिक्षाको गुणस्तर, सहकारीका समस्यालगायत विषयमा स्थानीय सरकारको ध्यानाकर्षण गराएका थिए।

स्थानीयबासीले राखेका जिज्ञासामा गाउँपालिकाका प्रशासन प्रमुख देवेन्द्र कटुवाल, शिक्षा शाखा प्रमुख कमल निरौला, नेपाल विद्युत प्राधिकरण बुधबारे उपवितरण केन्द्रका प्रमुख निर्मल प्रधान, खानेपानीका अध्यक्ष ध्रुव ओली, विद्युत प्राधिकरण बुधबारे उपवितरण केन्द्रका प्रमुख निर्मल प्रधान, वडाध्यक्षहरू शिवप्रसाद पौड्याल, डिल्ली ओली, पर्शुराम चेम्जोङ, भागिरथा बुद्धशान्ति अस्पतालका प्रमुख डा. सुमेश चौधरीलगायतले जवाफ दिएका थिए।

सार्वजनिक सुनुवाइ कार्यक्रममा मूल जवाफदेही वक्ताका रुपमा रहेका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोद पोखरेल तथा अध्यक्ष मनोज प्रसाईंले गाउँपालिकाको सेवा तथा योजनाहरूका बिषयमा प्रकाश पारेका थिए।

गाउँपालिका अध्यक्ष मनोज प्रसाईंको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाइ कार्यक्रममा सूर्योदय टेलिभिजनको सहजीकरण रहेको थियो। कार्यक्रम बुद्धशान्ति १ मा रहेको बुद्ध आदर्श माविको सभाहलमा सम्पन्न भएको थियो।

## १८ खर्ब...

छ। यो देशको वर्षभरिका लागि छुट्याइएको विकासलक्षित पूँजीगत खर्चभन्दा पनि बढी हो।

बजेटले माथिल्लो अरुण, नौमुरे, जगदुल्ला, तामाकोशी पाँचौं सहितका कैयौं आयोजना निर्माण अघि बढाइने उल्लेख गरेको छ। विगत एक दशकदेखि यी आयोजनाको निर्माण अघि बढाइने विभिन्न वर्षका बजेट तथा नीतिहरूमा उल्लेख भए पनि कार्यान्वयन भएको छैन।

बजेटले आगामी दशकलाई सूचना प्रविधि दशक घोषणा सहित यस क्षेत्रबाट १० वर्षमा ३० खर्ब रुपैयाँको निर्यात गर्ने उल्लेख गरेको छ। अर्थात् वर्षको तीन खर्ब रुपैयाँको सूचना प्रविधि निर्यात। त्यस्तै, पाँच लाख प्रत्यक्ष र १० लाख अप्रत्यक्ष रोजगारी सिर्जनाको लक्ष्य राखिएको छ। सरकारको इच्छाका रूपमा बजेटमा परेको यति ठूलो महत्वकांक्षा कसरी पूरा हुन्छ भन्ने ठोस खाका छैन।

बजेटमा नेपाललाई सूचना प्रविधिको हब बनाउने, सूचना प्रविधिका नवीनतम प्रविधि अवलम्बन गर्न कानूनी आधार तयार गरिने उल्लेख गरिएको छ। यसले यो कार्यान्वयन हुनेभन्दा पनि सरकारको इच्छाका रूपमा आएको प्रस्टिन्छ।

काठमाडौं र बुटवलमा सूचना प्रविधि पार्क बाउने, काठमाडौंको डिल्लीबजारमा सूचना प्रविधि हबका लागि बहुतले संरचना बनाउने, खुमलटारमा ज्ञान पार्क बनाउने जस्ता घोषणा गरिएका छन्। तर यसअघि नै बनेपामा बनाइएको सूचना प्रविधि पार्कको प्रभावकारी उपयोग हुन सकेको छैन। त्यसैले यस्ता घोषणाको परिणाम भवन बनाउन रकम खर्च हुनेमा सीमित हुन सक्ने जोखिम हुन्छ।

बजेटले प्राथमिकता तोकेको पर्यटन क्षेत्र अन्तर्गत आगामी वर्ष १६ लाख पर्यटक भित्र्याउने घोषणा गरिएको छ। वार्षिक ११ लाख पर्यटक भित्र्याइसकेका कारण यसलाई बढाएर १६ लाख पुर्‍याउन असम्भव त नहोला, तर यसका लागि आवश्यक कस्तो तयारी र कार्यक्रम अघि बढाइने हो, निश्चित छैन। छिमेकी मुलुकमा नेपाल प्रवर्द्धन गर्ने 'रोड शो', मेला आदि आयोजना गर्ने यो बजेटले पनि उल्लेख गरेको छ, जबकि यस्तो प्रस्ताव यसअघिको बजेटमा समेत भएको थियो, तर त्यो कार्यान्वयनमा आएन।

यसअघि नै निर्माणसम्पन्न भइसकेका विमानस्थल सञ्चालनमा नआएको र राजस्वको रकम खेर गएको भनी आलोचना भइरहेका वेला सरकारले फेरि सुर्खेत, रोल्पाको बडाचौर, दाङको टारीगाउँ, जुम्ला लगायत स्थानका विमानस्थल स्तरोन्नतिको प्रस्ताव गरेको छ।

बजेटले प्राथमिकतामा राखेको उद्यमशीलता र औद्योगिक विकास अन्तर्गत सरकार, समुदाय र निजी क्षेत्रको सहकार्यमा उत्पादन र रोजगारीका लागि साझेदारी कार्यक्रम सञ्चालन गरिने प्रस्ताव गरेको छ। सात अर्ब रुपैयाँ रकम विनियोजन गरिएको यस कार्यक्रमले कस्तो परिणाम ल्याउँछ, यसको कार्यान्वयनको प्रभावकारिताबाट परख हुनेछ। भरतपुर-बुटवल-पोखरा-भरतपुरलाई तीन वटा कोणमा राखी गण्डकी आर्थिक त्रिभुज परियोजना भन्ने नयाँ कार्यक्रम बजेटले प्रस्ताव गरेको छ। निजी क्षेत्रसँगको साझेदारीमा औद्योगिक 'ईको-सिस्टम' बनाएर औद्योगिक पुनरुत्थान गर्ने यसको लक्ष्य छ। सरकारले औद्योगिकीकरणमा लामो समयदेखि प्राथमिकता तोके पनि परिणाम निस्किएको छैन। औद्योगिक वातावरण निर्माणका लागि विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक क्षेत्र लगायतमा संरचनामा ठूलो रकम खर्च गरिँदै आएको छ। तर त्यस्ता संरचनाको प्रभावकारी सञ्चालनै हुन सकेको छैन।


असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेश

## कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना !

प्रथम पटक प्रकाशित मिति : २०81/2/16

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्न बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिम पटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृया सहकारी ऐन २०७४, बैक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५०( पुनर्लेखन २०७७) र कर्जा कार्यविधि २०७१ (संशोधन २०८०)समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| qm=;= | C)fLsf] gfdy< | &]ufgf | afafsf] gfd | afh]sf] gfd | klt÷kTgL | sfof{no | hdfgtLsf] gfd | hdfgtLsf] afafsf] gfd |
|---|---|---|---|---|---|---|---|---|
| 1= | पार्वती कर्माकार | गौरादह -३ | गणेश कर्माकार | श्याम कर्माकार | राजु कर्माकार | गौरादह | पार्वती कर्माकार | गणेश कर्माकार |
| 2. | सुकवती ठाकुर | गौरादह -१ | मदर लाल ठाकुर | हेदुलु ठाकुर | अमरेल ठाकुर | गौरादह | सुकवती ठाकुर | मदर लाल ठाकुर |
| 3. | बसन्त शर्मा | गौरादह-५ | सन्तलाल शर्मा | निष्टावाल शर्मा | जसोदा कुमारी शमा | गौरादह | जसोदा कुमारी शमा | देवी प्रसाद राजवंशी |
| 4. | लिनादेवी दास | गौरीगञ्ज ३ | लोविनप्रसाद दास | नारायण दास | अनिल कुमार दास | गौरीगञ्ज | अनिल कुमार दास | धर्मनारायण दास |
| 5. | दिपक राई | गौरादह ०७ | रामबहादुर राई | मानबहादुर राई | धुपा राई | ग्वालडुब्बा | मधुकुमारी राई | सूर्यमान राई |
| 6 | हरिबहादुर डाँगी | गौरादह ०७ | पदम बहादुर डाँगी | k)f{बहादुर डाँगी | राधिका डाँगी | ग्वालडुब्बा | हरि बहादुर डाँगी | पदम बहादुर डाँगी |
| 7 | बिष्णुमाया काफले | गौरादह ०७ | पुष्पप्रसाद काफ्ले | मुकुन्द काफ्ले | कुलचन्द्र ओस्ती | ग्वालडुब्बा | कुलचन्द्र ओस्ती | तोयानाथ ओस्ती |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**बचत तथा ऋण व्यवसाय उपसमिति**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# शुभकामनामा गणतन्त्र

१७ औं गणतन्त्र दिवस मंगलवार देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ। शुभकामनामा गणतन्त्र दिवस मनाइएको हो। १० वर्षे जनयुद्धको जगमा भएको ऐतिहासिक २०६२-६३ को जनआन्दोलनपछि २४० वर्षे राजतन्त्रको समाप्त गर्दै २०६४ जेठ १५ गते नेपालमा गणतन्त्र घोषणा भएको थियो। यो दिन नेपालको राजनीतिक इतिहासमा एउटा युगान्तकारी र ऐतिहासिक दिन हो। यो नेपाली जनताको बलिदानीपूर्ण संघर्षबाट जनताको जीत भएको दिन हो, यो। नेपालमा गणतन्त्र स्थापना भएको १६ वर्ष पुरा भइसकेको छ। संविधानसभाबाट संघीय गणतन्त्र नेपालको संविधान जारी भएको पनि ८ वर्षभन्दा धेरै भइसकेको छ। राजनीति व्यवस्थामा भएको यो परिवर्तन विशाल हो। तर, यसबीच पनि जनताको अवस्थामा परिवर्तन हुन सकेको छैन। गणतन्त्रको प्रत्याभूति जनताले के-कति अनुभूति गर्न सके भनी प्रश्न गर्दा सकारात्मक आउने अवस्था छैन। राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै स्वरूपमा देशले गणतन्त्रलाई आमजनतामाझ प्रत्याभूत गराउन सकेकै छैन। राज्य सञ्चालनमा अझै पनि केन्द्रिकृत, सामन्ती, एकात्मक र निरंकुश सोच, संस्कार र व्यवहार कायमै छ। वंश परम्पराको आधारमा राष्ट्र प्रमुख हुने व्यवस्था बदलियो। जनताका छोराछोरी राष्ट्रपति र उपराष्ट्रपति बने। राज्यका निकायहरुमा मुलुकका सबै वर्ग, क्षेत्र, लिंग र समुदायको प्रतिनिधित्व हुनथाल्यो। यो चानचुनै उपलब्धि हैन। तर, मुलभूत रुपमा नेपाली जनताले चाहेको आफ्नो अवस्था परिवर्तनको सार्थकता अझै हुन सकेको छैन। अर्थात जनस्तरमा महशुस हुने गरी गणतन्त्र फस्टाउन सकेन। राजनीतिक दल र नेतृत्वका क्रियाकलाप लोकतन्त्र र गणतन्त्र सुहाउँदा हुन सकेका छैनन्। स्वेच्छाचारिता र जनविरोधी कार्य रोकिएका छैनन्। शासन व्यवस्था लोकतान्त्रिक भएपनि चरित्र लोकतान्त्रिक हुन सकेको छैन। त्यसैले जनस्तरमा राजनीतिक परिवर्तनले जगाएको उत्साह मर्दै गएको छ। २०६२/६३ को जनआन्दोलन पछि गठित संसदको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले नेपाललाई औपचारिक रुपमा संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको घोषणा गरेको थियो। त्योसँगै २३९ वर्षसम्म दबिएका स्वरहरु राज्यको सर्वोच्च निकायमा घनिभूत भए। मधेशको छोरोले नेपालको पहिलो राष्ट्रपति हुने अवसर पायो। महिलाले राष्ट्रपति बन्ने सौभाग्य पाइन्। गणतन्त्रले सबैलाई समान हक अधिकार दिन्छ है भन्ने गतिलो दृष्टान्त हो, यो। गणतन्त्र साध्य होइन, साधन मात्र हो। यसको सहि ढंगले परिचालन गर्न नेतृत्वले सक्नुपर्छ। जनताको आकांक्षा अनुसार काम गर्न सक्नुपर्छ। मुलुकमा संघीय गणतान्त्रिक संविधान जारी भएको लामो समय वित्दा पनि संविधानले परिकल्पना गरे अनुसार जनताका अधिकार स्थापित हुन सकेको छैन। संविधानले व्यवस्था गरेका मौलिक हकको कार्यान्वयन भएको छैन। यसमा सरकार गम्भीर हुनुपर्छ।




# पाठ्यपुस्तकको दीर्घकालीन समाधान



• कृष्ण अधिकारी

गुरुकुल पद्धतिपछि सामुदायिक विद्यालय नै हाम्रो औपचारिक पठन संस्कृतिको जग हो। यही जगमा टेकेर शिक्षाको विकासका लागि राज्यका तर्फबाट सकारात्मक प्रयास हुँदै आएको छ। शिक्षा क्षेत्रमा एक खर्ब रुपियाँभन्दा बढी वार्षिक खर्च हुने गरेको अभिलेख छ। त्यो सबै राज्यकोषबाट खर्च हुने रकम हो। यसैबाट विद्यार्थीलाई निःशुल्क पुस्तक र खाजा खुवाउने गरिएको छ। यसका बाबजुद बर्सेनि विद्यार्थी संख्या र विद्यालय संख्या पनि घटिरहेको छ भन्ने समाचार पढ्न पाइन्छ। यसले गर्दा के सामुदायिक विद्यालयको औचित्य साँघुरिँदै गएको हो ? अथवा सामुदायिक विद्यालयमाथिको भरोसा र आकर्षण घट्दै गएको हो ? भन्ने प्रश्न खडा हुनु स्वाभाविकै हो।

केही समयपहिले सहरी भेगका केही सामुदायिक विद्यालयले प्रवेश परीक्षाका लागि आह्वान गरेका थिए। त्यस परीक्षामा ५० वटा सिटका लागि पाँच सयसम्म विद्यार्थीले फारम भरेको देखियो। विद्यालयको प्राङ्गणमा बसेका अभिभावकले आफ्नो बच्चाले त्यो सामुदायिक विद्यालयमा भर्ना पाओस् भनेर कामना गरेको पनि देखियो। यसबाट के प्रस्ट हुन्छ भने सामुदायिक विद्यालयको आकर्षण र औचित्य घटेको होइन, घटाइएको हो। जुन विद्यालयमा पढाइ र अनुशासन राम्रो छ, त्यो विद्यालयले माग अनुसारको सेवा दिन सकेको छैन। सामुदायिक विद्यालयको शिक्षा सेवालाई सुधार गर्न सक्ने हो भने अभिभावक निजी विद्यालयको महँगो शिक्षातर्फ लाग्ने रहेनछन् भन्ने एउटा प्रमाण पनि थियो त्यो।

निजी विद्यालयमा किन पढाउँछन् ?

सबैको चाहना हुन्छ, आफ्नो छोराछोरीले धेरै पढोस्। योग्य नागरिक बनोस्। अर्को चाहना भनेको अंग्रेजी जान्ने होस्।

अङ्ग्रेजी भाषाको प्रयोग विश्वव्यापी हुँदै गएका कारण अभिभावकले त्यो चाहना राख्नु अनुचित पनि देखिँदैन। सामुदायिक विद्यालयमा अंग्रेजीको पढाइ कमजोर हुन्छ। सरकारले अंग्रेजी माध्यमबाट पढाउन प्रबन्ध पनि गरेको छ। अंग्रेजी माध्यमबाट पढाऊ भनेर अंग्रेजी माध्यमका पुस्तक पनि उपलब्ध गराएको छ तर धेरै विद्यालयमा अंग्रेजी माध्यमका पुस्तक पढाउने शिक्षकको अभाव छ। त्यसै कारण अभिभावक र विद्यार्थीको चाहनाविपरीत नेपाली माध्यम लादिन्छ। अनि अभिभावक आफ्ना नानी डोऱ्याउँदै बोर्डिङ स्कुलको ढोका पुग्छन्। विद्यार्थी र अभिभावकको माग अनुसार पाठ्यक्रम विकास केन्द्रले विकास गरेको अंग्रेजी माध्यमका पुस्तक पढाउन सक्ने हो भने पनि सामुदायिक विद्यालयको घट्दै गएको आकर्षण फिर्न सक्छ।

अर्को कारण छ राजनीति ! पढाउने कामलाई दोस्रो प्राथमिकता र पार्टीको काम पहिलो प्राथमिकता भएका शिक्षकका कारण पठनपाठन सन्तोषजनक हुन सकेको छैन। निजी विद्यालयमा पढेका विद्यार्थीसँग सामुदायिक विद्यालयका विद्यार्थी प्रतिपर्स्धा गर्न सक्ने भएनन्, जसका कारण आफ्ना सन्तति जागिर वा अन्य अवसरको प्रतिस्पर्धामा पछि पर्ने भए। त्यसैले अभिभावकको दृष्टिमा सामुदायिक विद्यालयको आकर्षण कमजोर हुन पुग्यो। यिनै कारण, शिक्षकले राजनीति गर्न नपाउने सरकारको नयाँ नीतिप्रति आमअभिभावक खुसी हुन पुगेका छन्। यस नीतिले सामुदायिक विद्यालयको घट्दै गएको लोकप्रियतालाई माथि उठाउने छ भन्न सकिन्छ। स्थानीय निकायले आफ्नो क्षेत्रका विद्यालयमा हुने पठनपाठनलाई सकारात्मक नियन्त्रण गर्ने हो भने अब विद्यालयको साख एकाएक बढेर जाने छ।

पाठ्यपुस्तकको उपलब्धता

सामुदायिक विद्यालयका लागि पाठ्यक्रम विकास केन्द्र सानोठिमीले पाठ्यक्रमको विकास गर्छ। उसले विकास गरेका पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्रले छपाइ गर्ने र साझा प्रकाशनले बिक्रीवितरण गर्ने व्यवस्था थियो पहिले। जनक शिक्षा सामग्री केन्द्रले सरकारका मुद्रणसम्बन्धी धेरै काम गर्नुपर्ने, चुनाव हुने वर्ष मतपत्रदेखि सम्पूर्ण छपाइ पनि गर्नुपर्ने हुन्छ। यिनै कारणले विद्यार्थीको हातमा पुस्तक पुग्न नसक्ने अवस्था थियो। हुम्ला, रोल्पा, डोल्पातिरका कतिपय विद्यालयमा शैक्षिक सत्र सकिँदासम्म पनि पुस्तक नपुग्ने अवस्था थियो। सुगम जिल्लामा पनि पुस्तकको अभाव देखाएर विद्यार्थीका विरोध जुलुस हुन्थे। कालो मोसो दल्नेसम्मका अप्रिय घटना पनि हुने गर्थे। शिक्षा मन्त्रालयलाई बर्सेनि पुस्तक नपुग्ने समस्याले पिरोल्ने गरेका कारण २०६४ सालमा शिक्षा मन्त्रालयले एउटा नयाँ प्रयोग गऱ्यो। तत्कालीन पूर्वाञ्चल क्षेत्रका लागि कक्षा ५ का पाठ्यपुस्तक छपाइ र बिक्रीवितरण गर्न निजी क्षेत्रसमक्ष प्रस्ताव आह्वान गऱ्यो। काठमाडौँका केही र विराटनगरका केही मुद्रण व्यवसायी जुटे र प्रस्ताव हाले। स्वीकृत भयो र मधेश आन्दोलन एवं राजनीतिक अस्थिरताबिच पनि पूर्वाञ्चलका विद्यार्थीले कक्षा ५ को पुस्तक समयमा प्राप्त गरे। यसपछि पाठ्यपुस्तक उत्पादनमा नयाँ मोड आयो।

कक्षा ५ को पुस्तकको सहज आपूर्तिले मात्र पाठ्यपुस्तकको समस्या हल भएन। विद्यार्थी, अभिभावक र अभिभावक संघहरूमा असन्तुष्टि कायमै रह्यो। विद्यार्थीले समयमा पुस्तक नपाएको गुनासो रही नै रह्यो। त्यसपछि सरकारले मुद्रण व्यवसायीलाई मेसिन, औजार खरिद गर्न प्रोत्साहित गऱ्यो। सरकारले काम दिन्छु मेसिन किन भन्दा व्यापारी किन पछि पर्थे, मेसिन किने सरकारले पुस्तक छाप्न दियो। एक समय कक्षा १ देखि ८ सम्मका पाठ्यपुस्तक छाप्न क्षेत्र निर्धारण गरेर निजी व्यवसायीलाई दियो सरकारले। त्यसबाट व्यवसायी उत्साहित भए तर जनक शिक्षा सामग्री केन्द्र र साझा प्रकाशन सशङ्कित भए। त्यसबिचमा जनक शिक्षा सामग्री केन्द्रले पनि आफ्नो क्षमता वृद्धि गर्दै गयो। निजी प्रकाशनले पनि वेभ प्रिन्टिङ मेसिनहरू थप्दै गए। वेभ मेसिन एउटामा एक साइजको मात्र पुस्तक छापिन्छ। पहिले सानो साइजमा पुस्तक छपाइ हुन्थ्यो। सरकारले पछि १ देखि ३ कक्षाका पुस्तक ठुलो साइजमा छाप्ने भयो। अनि जनक शिक्षाले पनि साइज अनुसारका मेसिन थप्यो र निजी प्रकाशनहरूले थप्तै गए। निजी प्रकाशकबाट वेभ मेसिन, सिटिपी, ग्लु बाइन्डिङ र अन्य उपकरणमा दुई अर्ब रुपियाँभन्दा माथि लगानी भएको बताइन्छ। पुस्तक छाप्नकै लागि खरिद भएका ती मेसिनबाट पुस्तकबाहेक अन्य छपाइ हुन सक्दैन। जनक शिक्षा सामग्री केन्द्रसँग रहेका मेसिन र औजारमा भएको लगानी त अझ व्यापक छ। यति हुँदाहुँदै पनि विद्यार्थीको हातमा समयमा पुस्तक पुग्न नसक्ने कारण के हो त्यो पत्ता लगाई दीर्घकालीन समाधान खोज्नु सरकारको दायित्व थियो।

शैक्षिक वर्ष २०७९ मा पनि पाठ्यपुस्तकको हाहाकार भयो। त्यसै कारण शैक्षिक वर्ष २०८० का लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को सरकार सजग देखियो र कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तक छपाइ र वितरणको अधिकार निजी प्रकाशनलाई दिने निर्णय भयो। नभन्दै शैक्षिक वर्ष २०८० मा पुस्तकको अभाव भएन। यतिखेर शैक्षिक सत्र २०८१ का लागि पुस्तक उत्पादन र वितरण भइरहेको छ। यो वर्षको परिणाम पनि सन्तोषजनक होला भन्ने आशा गर्न सकिन्छ। जनक शिक्षा सामग्री केन्द्र र निजी प्रकाशनहरूको संयुक्त प्रयासका कारण यो सकारात्मक परिणाम आएको हो।

सुरक्षण मुद्रणको माग

देशमा सुरक्षण मुद्रणको आवश्यकता महसुस भएको छ। सरकारले सुरक्षण मुद्रण स्थापना गर्ने प्रयत्न पनि नगरेको होइन तर प्रयत्न सफल हुन बाँकी नै छ। जनक शिक्षा सामग्री केन्द्रसँग हाल भएको स्रोतसाधनलाई उपयोग गर्दै जनक शिक्षालाई नै सुरक्षण मुद्रणका रूपमा विकास गर्नु पर्छ भन्ने आवाज पनि उठिरहेकै छ। नयाँ लगानीमा हुने पुँजीको सदुपयोग मात्र गर्ने चिन्तन सबल हुने हो भने कम व्ययभारमा सुरक्षण मुद्रण स्थापना हुने र बिदेसिएको राज्यको अर्बौं सम्पत्ति जोगिने निश्चित छ।

जनक शिक्षा सामग्री केन्द्रलाई सेक्युरिटी प्रेसमा विकास गर्दा केन्द्रले गर्दै आएको मुद्रण निजी क्षेत्रमा हस्तान्तरण हुने होइन। अहिले भइरहेको काम र सेक्युरिटी प्रिन्टिङको कामलाई दुई विभागमा राखेर सक्षम व्यवस्थापन गर्ने हो भने मुद्रणसम्बन्धी एक मात्र सरकारी संस्था सफल हुने छ र अन्तर्राष्ट्रिय जगतमा देशकै प्रतिष्ठान र सुरक्षा बढ्ने छ।

पुस्तक आपूर्तिको सन्दर्भमा निजी प्रकाशनहरूको लगानीका कारण पाठ्यपुस्तक उपलब्ध गराउन नसक्ने आरोपबाट सरकार मुक्त भएको छ। तसर्थ जनक शिक्षा सामग्री केन्द्रको लगानी र निजी प्रकाशकको लगानी दुवैलाई सरकारले संरक्षण गर्नु पर्छ र विद्यार्थीको हातमा पुस्तक सहज उपलब्ध गराउने कामलाई अविच्छिन्न राख्नु पर्दछ।

# मानव अधिकारको दियो



• विपिन बुढाथोकी




मानव अधिकारको क्षेत्रमा काम गर्ने एम्नेस्टी इन्टरनेसनल बेलायतमा खुलेको आठ वर्षपछि नेपालमा भित्रिएको हो। एम्नेस्टी नेपाल शाखाका संस्थापक नुतन थपलिया बेलायत भ्रमण गरी फर्किएसँगै सन् १९६९ देखि उहाँले यसको गतिविधि नेपालमा प्रारम्भ गर्नुभयो। पञ्चायती शासनकालको बर्बरतामा एम्नेस्टी अभियान महत्वपूर्ण हुने ठानेर आस्थाका बन्दी रिहाइका लागि र नागरिक तथा राजनीतिक अधिकार संरक्षणमा केन्द्रित भएर यो अभियान सुरु भयो। विश्वव्यापी रूपमा सन् १९७१ मा नेपाल शाखाका रूपमा मान्यता प्राप्त गर्दा ऋषिकेश शाह प्रथम अध्यक्ष चयन हुनुभएको थियो तर तत्कालीन राजनीतिक परिस्थिति र संस्थाभित्रकै कारणले शाखाको मान्यता सन् १९८२ मा खारेज हुन पुगेको इतिहास भेट्न सकिन्छ। नेपालमा प्रजातन्त्रको पुनर्बहाली अर्थात् सन् १९९० पछि एम्नेस्टी नेपालका सदस्यको सक्रियताले यसको अभियानले गति लिएको पाइन्छ। सन् १९९४ मा पहिलो साधारण सभा पनि सम्पन्न भयो। नेपालमा मानव अधिकारको ज्येष्ठ संस्थाका रूपमा यसले अविच्छिन्न काम गर्दै आएको छ।

स्थापनाका सुरुवाती वर्षमा आस्थाका बन्दीको रिहाइ, यातना अन्त्य र मृत्युदण्ड सजायको खारेजीजस्ता नागरिक, राजनीतिक अधिकारमा यो संस्था केन्द्रित भयो। अहिले यसको आयतन फराकिलो बन्दै गएको छ। नागरिक तथा राजनीतिक अधिकारसँगै अहिले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारलगायत मानव अधिकारका सबै आयाममा यसले काम गर्दै आइरहेको छ। संस्थाले प्रवर्धनात्मक र प्रतिक्रियात्मक अभियानका माध्यमबाट सरकार र उसको मातहतका निकायलाई मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नुपर्ने दायित्वबारे निरन्तर खबरदारी गर्दै आएको छ।

सशस्त्र द्वन्द्वकालमा यस संस्थाले राज्य पक्ष र गैरराज्य पक्षबाट मारिएका र बेपत्ता पारिएका व्यक्तिको वास्तविक नाम, थर र घरको ठेगानाबारे ६० दिनभित्र सार्वजनिक गरेर परिवारजनलाई जानकारी गराउने विषय प्राथमिकताका साथ काम गऱ्यो तर यो विषय अहिलेसम्म पनि सम्बोधन हुन सकेको छैन। हतियार व्यवस्थापन, संविधान सभामार्फत नयाँ संविधानको निर्माणलगायतका काम सम्पन्न भए तर सत्य निरूपण, मेलमिलाप, बेपत्ता व्यक्तिहरूको खोजी कार्य, पीडितलाई परिपूरण र गम्भीर मानव अधिकार उल्लंघनकर्तालाई न्यायिक प्रक्रियामा ल्याउने, उचित सजाय र दायित्व बेहोर्न लगाउने कार्य अझै हुन सकेको छैन।

सङ्क्रमणकालीन न्याय विषयमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐनलाई अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्ड र सर्वोच्च अदालतको आदेशमुताबिक संशोधन गरी सक्षम, सबल र स्वतन्त्र आयोग गठन गरी द्वन्द्वपीडितको न्यायको सम्बोधन र शान्ति प्रक्रियाको तार्किक निष्कर्षका लागि आवश्यक ठोस कदम चाल्न यसले निरन्तर खबरदारी गरिरहेको छ। नेपालमा विभिन्न कालखण्डमा भएका अपराध र मानव अधिकार उल्लंघनका घटनामा पीडितलाई प्रभावकारी न्यायिक उपचार दिलाउन यसले प्रयास जारी राखेको छ। १० बर्से द्वन्द्वकालका पीडितको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्ने विषयमा एम्नेस्टीले सरकारलाई जवाफदेहिता स्थापित गर्न र दण्डहीनता अन्त्य गरी विधिको शासन कायम गर्न दबाब दिँदै आएको छ।

एम्नेस्टीले आप्रवासी श्रमिकको अधिकारका सन्दर्भमा पनि काम गर्दै आएको छ। उनीहरूले गैरकानुनी गिरफ्तार र थुनामा पर्ने, पारिश्रमिक नपाउने, रोजगार अनुमति र अन्य कागजात जफत गरिने, श्रम शोषण, जोखिमपूर्ण काम र दुर्घटना, तोकिएभन्दा बढी काम गर्नुपर्ने, शाब्दिक र शारीरिक दुर्व्यवहार, तलब कटौती, न्यून पारिश्रमिक, भनिएको कामभन्दा फरक काममा लगाइने र कमाइ अपेक्षाभन्दा कम हुने समस्या भोग्दै आएका छन्। जबर जस्ती स्वदेश फिर्ता गराइएका श्रमिकले पनि उनीहरूको बाँकी पारिश्रमिक पाउन नसक्ने अवस्था छ।

विशेष गरी महिला श्रमिकले यौनजन्य दुर्व्यवहार र शोषण झेल्नु परेको छ। उनीहरू मानव बेचबिखनको सिकार पनि बन्ने गरेका छन्। यी समस्याको समाधानका लागि नेपाल सरकारले आप्रवासन नीति सुधार गर्नुका साथै श्रमिकको सुरक्षा र अधिकारको संरक्षण गर्न अन्तर्राष्ट्रिय मापदण्ड पालना हुनु जरुरी छ। श्रमिकको हकहित सुनिश्चित गर्नका लागि सम्बद्ध संस्था, समुदाय र स्वयम् श्रमिकबिच समन्वय र सहकार्य आवश्यक छ। यसबाट मात्र नेपाली आप्रवासी श्रमिकको जीवनस्तर सुधार र उनीहरूको श्रमको उचित सम्मान र मूल्याङ्कन हुने छ। एम्नेस्टीले आप्रवासी श्रमिकमा भएको शोषण, ज्यादती, दुर्व्यवहार, हिंसा र मृत्युजस्ता मानव अधिकार उल्लङ्घनको अन्त्यका लागि संघर्ष गरिरहेको छ।

एम्नेस्टीले स्वतन्त्रतासम्बन्धी संवैधानिक मौलिक हक, विशेष गरी विचार तथा अभिव्यक्ति, भेला हुने र सङ्गठन खोल्ने, सङ्गठित हुन पाउने हकलाई पूर्णतया सम्मान गर्न सरकारलाई अनुरोध गर्दछ। सरकारलाई नागरिक स्थल र आधारभूत नागरिक स्वतन्त्रता प्रवर्धन गर्न आग्रह गरेको छ। साथै नागरिकको अधिकारको रक्षा गर्दै समाजमा सुरक्षित र सम्मानजनक वातावरण सुनिश्चित गर्न घृणा फैलाउने भाषण, अनलाइन दुर्व्यवहार र साइबर अपराध जस्ता विषयलाई कानुन र मानव अधिकार सम्मत मात्र हुने गरी नियमन र व्यवस्थापन गर्न सिफारिस गरेको छ।

एम्नेस्टीले नेपालमा दलित, महिला, आदिवासी जनजाति, शोषित, दमित, पिछडिएका र सीमान्तकृत वर्गले न्यायमा पहुँच प्राप्त गर्न कठिन र कतिपय अवस्थामा असम्भव रहेको पाएको छ। वर्तमान अवस्थामा उनीहरूलाई न्यायमा सहज पहुँच सुनिश्चित गर्ने कानुनी, नीतिगत र संरचनागत सुधार गर्ने जिम्मेवारी सरकारको हो। नेपालमा हुने विभेदका घटनामा नेपाली अधिकारीले गरेका कानुनी तथा संरक्षणात्मक प्रयास अपर्याप्त देखिएका छन्, जसले गर्दा न्यायमा पहुँच पुग्न सकेको छैन। यसै सन्दर्भमा एम्नेस्टीले 'कसैलाई मतलब छैन : नेपालमा दलितविरुद्ध वंशमा आधारित विभेद' नामक प्रतिवेदन मे १०, २०२४ मा सार्वजनिक पनि गरेको छ। नेपालमा खाद्य, शिक्षा, स्वास्थ्य, रोजगारीलगायत मौलिक हकको कार्यान्वयनका लागि कानुन र अन्य नीति तथा संरचनागत व्यवस्था निर्धारण गरी शीघ्र कार्यान्वयन गर्न आवश्यक छ। यसका लागि प्रभावकारी नीति निर्माण, आवश्यक संरचना स्थापना र संसाधनहरूको उचित व्यवस्थापनको आवश्यकता पर्दछ।

मानव अधिकारका विषयवस्तु संविधान र कानुनमा मात्र सीमित हुँदैनन्, यो व्यक्तिगत र सामाजिक व्यवहार र संस्कृतिसँग पनि सम्बन्धित हुन्छन्। मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ। सरकारले मानव अधिकारका विषयवस्तुलाई विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्छ। साथै सरकारी कर्मचारी र अन्य कर्तव्यवाहकलाई मानव अधिकारसम्बन्धी बेला बेलामा पुनर्ताजगी तालिम प्रदान गर्नु पर्छ। यस कार्यमा एम्नेस्टी नेपालजस्ता मानव अधिकार संस्थाले सहयोग पुऱ्याउन सक्छन्।

बेलायतका वकिल पिटर बेनेन्सनले ६३ वर्षअघि अर्थात् सन् १९६१ मे २८ का दिन एम्नेस्टी इन्टरनेसनल मानव अधिकारको अभियान सुर गरेका हुन्। आज एक करोडभन्दा बढी यसका सदस्य छन्। यसले मानव अधिकारको सार्वभौमिकता र अविभाज्यता, निष्पक्षता र स्वतन्त्रता, लोकतन्त्र र आपसी सम्मानका लागि मानव अधिकार रक्षकहरूको विश्वव्यापी समुदाय निर्माण गरिरहेको छ।

# सगरमाथा वा झोमोलुङ्मा नाम स्थापित गरौं



– तुलसीराम खरेल

हिमाल सरी म अग्लिरहेँछु
समात समात समात मलाई।

बादल सरि म पग्लिरहेँछु
सम्हाल सम्हाल सम्हाल मलाई ॥

"(सन्दर्भ सगरमाथा दिवस मई २९)"

नारायण गोपाल र अरुणा लामा ज्यूले गाउनु भएको यो युगल नेपाली गीतले धेरैको ध्यान तान्न सफल भएको छ। हरफहरुको रचना गरेर मिठो सङ्गीत भर्ने गोपाल योञ्जनको सम्मान गर्नै पर्दछ । गीतमा भनेजस्तै सगरमाथामा त्यो सर्वाधिक अग्लो चुचुरो हो जो निरन्तर अग्लिरहेको छ। यसलाई समातेर अग्लिनबाट रोक्ने तागत कसैमा छैन । सो चुचुरोमा तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारी सर्वप्रथम पुग्न सफल भएका थिए। चन्द्र सूर्य अङ्कित झन्डा सगरमाथाको चुचुरोमा गाडिँदा नेपालीहरुको मन ढक्क फुल्न पुगेको थियो। खासगरेर तेञ्जिङ नोर्गे शेर्पाको जन्मभूमि , कर्मभूमि र नागरिकताको बिषयमा धेरै कुराहरु उठ्न पुगे। तर जे भएपनि उनी सगरमाथाको भूगोलका मानिस हुन, उनी हिमालका छोरा हुन् । शेर्पा परिवारका आँटिला मानिस हुन् । नेपालीको नाम चिनाउने ब्यक्ति हुन् । सन १९५३ सालको मई महिनाको २९ तारिखको बिहानको ११.३० बजेको समय मानवको पहिलो पाइला सगरमाथाको चुचुरोमा टेक्न सफल बन्यो । सो घटनाले २८ बर्ष पुरा गर्दैगर्दाको परिप्रेक्ष्यमा सगरमाथा दिवसलाई मध्यनजर गर्दै यो आलेख तयार गरिएको हो।

बि.सं. २०७२ सालमा गोरखाको बारपाक केन्द्रबिन्दु बनाएर ठुलो भूकम्प गयो ।हजारौंको ज्यान लिएर देशलाई नै कुँजो बनाएको उक्त भूकम्पले सगरमाथाको उचाई भने बढाएको कुराहरू सुनिन थाले ।यसले सगरमाथालाई नै वरपर सार्न सक्छ भन्ने दावीहरु बैज्ञानिक जगतमा नसुनिएको होइनन्। क्याम्ब्रिज विश्व विद्यालयका भूगर्भविद् जेम्स ज्याक्सनले सगरमाथाको सतह फेरबदल हुनसक्ने बताएका थिए। उनको दावीलाई नेसनल जियोग्राफिकले उद्धृत गर्दै सगरमाथाको उचाइ १० सेमि बढेको बताएको थियो । बारपाक भूकम्पपश्चात् अमेरिकाको चर्चित वालस्ट्रिट जर्नलमा समेत सिनम्यालेनले कलम चलाए। भूकम्पका कारण हिमालयमा परेका असरहरुको बिश्लेषण हुन थाले । हङकङ विश्व विद्यालयका भौतिकशास्त्री डा. लुङएस चाङका अनुसार भारतीय प्लेट र युरोसियन प्लेटबिचको निरन्तर घर्षणले सगरमाथा लगायतका हिमशृङ्खलाको उचाई हरेक बर्ष १ सेमिको दरले बढिरहेको छ । केहि बर्षअघि नै अमेरिकी बैज्ञानिकहरुले प्लेटहरुको मुभमेन्टको कारण सगरमाथाको नयाँ उचाई ८८५० मिटर भएको बताइसकेका थिए ।

धेरैखाले धारणाहरुको बिचमा बसेर नेपाल र चीनको कार्यदलले सगरमाथाको नयाँ उचाईलाई सार्वजनिक गर्न सफल भए । नेपाली र चिनियाँ दलको संयुक्त तर क्रमशः दक्षिणी तथा उत्तरी मोहोडाबाट गरिएको मापनको एउटै नतिजा प्राप्त भएको बताइयो ।दुबै पक्ष नयाँ उचाई तथा हिउँको बाक्लोपना अर्थात हिमसतहको मोटाइ बारेको तथ्यांकमा सहमत हुँदै निचोड सार्वजनिक गर्न पुगे।नेपालले सन् २०१७ देखि नै उचाईको मापन कार्य गर्न थालेको थियो ।चिनियाँ राष्ट्रपति सि चिन फिङ्गो नेपाल भ्रमणपश्चात् चीनले समेत सरकारी तवरबाट यस कार्यमा भाग लिन पुगेको थियो ।सन् २००५ मा एकजना चिनियाँ सर्भेयरले सगरमाथाको उचाई ८८४४.४३ मिटर बताएपछि एकखाले विवाद समेत सृजना हुनपुग्यो। तर पछि गएर सो उचाई बिशुद्ध चट्टानको भएको र त्यसमा हिम सतहको मोटाई नपरेको भन्ने कुरा बताइयो ।तर सो समयमा नेपालले विश्वब्यापी बनिसकेको र सबैले स्वीकार गरेको सगरमाथाको उचाई ८८४८ मिटर(२९९२८ फिट) नै रहेको र सो उचाई हिमाली चट्टानसम्मको मात्र रहेको भनी आफ्नो धारणा प्रष्ट पार्यो। यस प्रकार विश्वको शिखर सगरमाथाको उचाई सम्बन्धमा विवादास्पद तथ्याङ्कहरु आउने गरेका पनि छन् । नेपाल चीन सरकारी कार्यदलको आधिकारिक सर्भेपछि यसको नयाँ उचाई अब ८८४८.८६ मिटर हुन पुगेको छ।

"हामीले हिमाल उठायौँ एसियाको माझमा, सभ्यता बास बसेथ्यो आएर यहीँ साँझमा"
माथिका हरफहरु भएको कविता राष्ट्रकवि माधवप्रसाद घिमिरेले रचना गर्नुभयो । नभन्दै एसिया महाद्वीपबाहिर ७००० मिटरभन्दा अग्ला शिखरहरु छैनन् । बिडम्बना नै भनौं या के भनौं नेपालमा भने ७००० मिटर भन्दा अग्ला छ दर्जन बढी चुचुराहरुका नामकरण नै नभएको अवस्था छ। ८००० मिटर माथिका संसारका १४ ओटा हिमालमध्ये नेपालमा ८ ओटा पर्दछन् । अनेकौं सेता हिमाल र नीला पहाडहरु छातीमा बोकेर संसारकी सुन्दर नेपाल आमा उभिएकी छिन् । मानव सभ्यताको विकासको केन्द्र यहीँ थियो भन्ने प्रमाण तिनाउ नदीको किनारमा आदि मानव रामापिथेकसको खप्पर भेटिएबाट पनि प्रष्ट हुन्छ।

झोमोलुङ्मा(चोमोलुङ्मा) त्यो शिखरको स्थानीय नाम हो जसलाई इतिहासकार बाबुराम आचार्यले सगरमाथा नामकरण गरेका थिए। राधानाथसिकदार नामका बंगाली बैज्ञानिक जो द ग्रेट ट्रीगोनोमेट्रीकल सर्भे अफ इन्डियामा संलग्न थिए उनैले सन् १८५२ मा यो संसारकै सर्वाधिक चुचुरो हो भनी एकिन गरेका थिए। त्योभन्दा अगाडि यस चुचुरोलाई "गामा पिक" र सन १८४७ देखि पछि भने "पिक ह्स" भनिन थालियो।इष्ट इन्डिया कम्पनीका सर्भेयरहरुले दार्जिलिङ्बाट हेरेको गामा पिक कन्चनजङ्गाभन्दा होचो मानिन्थ्यो ।त्यसबेला सम्म कन्चनजङ्गालाई नै संसारको सर्वाधिक अग्लो चुचुरो ठानिन्थ्यो ।सन् १८४७ पछि यसको उचाई ८८३९.८ मिटर(२९००२ फिट) मानिएको थियो।एन्ड्र्यु वाग रिपोर्ट नम्बर "२९ बी" मा यसलाई मन्ट एभरेष्ट भनिएकोमा पछिल्लो नामकरणमा त्यसैलाई आधार मानिएको कुरा धेरैतिर उल्लेख छ ।सन् १८५६ मा चुचुरोको नामकरण गर्दा इष्ट ईन्डिया कम्पनीका सर्भेयर जनरल जर्ज एभरेष्टको नामबाट नामकरण गरियो । तर एभरेष्ट स्वयम् भने स्थानीय नामको पक्षमा थिए भनिन्छ । नामकरणमा स्थानीयता खोजिएन।बंगालीमुलका भारतीय बैज्ञानिककै संभ्भनासमेत गरिएन। गरियो त केवल एभरेष्टको।स्विडिस एक्स्प्लोरर भेन हेडिन भन्दा पहिले नै सन् १७३३ मा भूगोलबिद डि एनभिल्लेले यसलाई चोमोलुन्ङमा भनेर उल्लेख गरिसकेका थिए। त्यसको अर्थ स्थानीय तिब्बती भाषामा विश्वकी देवी भन्ने हुन्छ । त्यही दिन यसको मौलिकता खोसियो जुन दिन सर्भेयर जर्ज एभरेष्टको नामबाट रोयल जेओग्राफिक सोसाइटीमार्फत नामकरण गरेर पश्चिमाहरुले प्रचार गरे। यो चुचुरोको नामको सम्बन्धमा बेलाबेला बहसको बिषय समेत बनाइन्छ। यसलाई सगरमाथा या झोमोलुङ्मा नै भन्ने र खोसिएको मौलिक नाम स्थापित गर्ने अभियान चलाउन ढिलो भएन र ?

नेपाललाई दक्षिण एसियाको एक हिमाली मुलुकको रुपमा बुझिन्छ । यस धर्तीले अनेकौं चुचुराहरु आफ्नो काखमा बोकेर उभिएको छ ।"हिमालको काखमा नेपाल कि नेपालको काखमा हिमाल" भन्ने सन्दर्भलाई डा. तीर्थबहादुर श्रेष्ठले बहसको बिषय बनाए । हिमाल पारीको ठूलो भूमि( तिब्बतियन प्लेटो) समेत नेपालमा रहेको कारण नेपालको काखमा हिमाल भन्नु पर्छ भन्ने कुरालाई मान्नु पर्दा "हिमालको काखमा नेपाल" भनेर लेखिएका धेरै गीत तथा कविताहरुलाई बदल्नु पर्ने देखिन्छ । हिमालको महिमा अपरम्पार छ । आजसम्म यसको ठ्याक्कै मिल्ने परिभाषासमेत फेला पार्न सकिएको छैन। यसलाई कसरी बुझ्ने र कस्तो भूभागलाई हिमाल मान्ने भन्ने कुरा बहसकै बिषय बनेको छ । सन् २००० मा फ्रान्सको अल्पस पर्वतको अट्रा र ग्रिनोवल सहरमा संसारभरिका बैज्ञानिक एबम् सम्बन्धित क्षेत्रका बिज्ञहरुको भेलाले समेत हिमालको परिभाषा पाउन सकेन । डा. हर्क गुरुङले एसियाका पर्वतहरु सम्बन्धमा इसिमोडको लागि लेखेको पुस्तकमा "विश्वभरले मान्यता प्रदान गर्ने परिभाषा पहाडलाई छैन" भनेर उल्लेख गरेका छन् । फ्रान्सको एउटा गोष्ठीमा "पहाडलाई नचढी पहाड चिनिदैन" भन्ने तर्क डा. तीर्थबहादुर श्रेष्ठको रहेको थियो । पहाड र हिमाल यो धर्तीका चुनौति हुन् । सगरमाथा चढ्ने बारम्बार प्रयास गरेका पर्वतारोही जर्ज ली मेलोरीलाई किन पटक पटक एभरेष्ट नै चढ्नु परेको भन्ने प्रश्नमा उनले उत्तर दिएका थिए " किनकि त्यो त्यहाँ छ ।" जीवनभरि नै एभरेष्टको प्यास बोकेका मेलोरीको भौतिक शरीर एभरेष्टकै काखमा सन् १९२४ अर्थात आजभन्दा १०० बर्ष अघिदेखि हराएको हरायै छ ।

वास्तवमै हिमाल रहस्य हो, हिमाल साहित्य हो, हिमाल अध्यात्मसमेत हो। अनेकौं प्राचीन ग्रन्थमा चर्चामा रहेको हिमालय पर्वत शिव पार्वतीको बासस्थान हो। शान्ति र पवित्रताको धोतक समेत हो। सन्तहरुको आत्मा साक्षात्कार गर्ने क्षेत्र हो। कविहरुको हृदय निचोरेर कविता प्रस्फुटन गराउने कालजयी पर्वतहरु विभिन्न लवणका खानी हुन् । हिउँको रुपमा पानी संग्रह भएको पृथ्वीको तेस्रो ध्रुव हिमालय पर्वत नै हो। उच्च भागमा रहन सक्ने क्षमता बोकेका कैयौं जनावर र बनस्पतिका वासस्थान हुन् पहाड, पर्वत र हिमालहरु । एसिया महाद्वीपको भूमिमा उभिएको हिन्दुकुश हिमालय क्षेत्र संसारकै पर्वतीय क्षेत्रको प्रधान हो। यो पानी, खनिज, जैविक विविधता, पर्यावरण , कला संस्कृति , मानव जात जाति , धर्म आदिको खानी पनि हो। यो क्षेत्रको झण्डै मध्यभागमा अवस्थित नेपाल त झनै पूर्वी र पश्चिमी हिमालयको सङ्गमसमेत हो। हिमालय जैविकता, मानव समाज या पर्यावरण जेसुकैको अध्ययन गर्न चाहनेले नेपाललाई बुझ्नै पर्दछ ।अनेकौं अनाम अस्तित्व बोकेका पर्वतहरुका चेपबाट बगेका अनेकौं नदीको सिँचित जमिनको अनाजबाट अरबौ मानिस बाँचेका छन् ।

हिमालयले हिउँदमा साइबेरियाबाट आउने चिसो बतासलाई रोकेर दक्षिणी भागलाई न्यानो बनाउँछ।सूर्य कर्कट रेखाको लम्बमा पर्दा एसियाको जमिन मज्जाले तातिन्छ र बङ्गालको खाडी र हिन्द महासागरको आर्द्र हावालाई रोकेर हिमालय पर्वतले आफू दक्षिणी भागमा व्यापक बर्षा गराइदिन्छ। खोचदेखि उच्च टाकुरासम्म अनेकौं हावापानी र जैविक विविधता बोकेका पहाड हिमालका छातीमा खेतीपाती गरेर जिविकोपार्जन गर्नु धेरै नेपालीहरुको कथा र ब्यथा पनि हो। अहिले पनि हिमाल आरोहणबाट प्राप्त हुने राजश्वको ८० प्रतिशतभन्दा बढी दायित्व माउन्ट एभरेष्ट अर्थात सगरमाथाले धानिरहेको अवस्था रहेको छ। आजसम्म सर्वसम्मत परिभाषा नपाएको हिमालको रहस्य, देश विकासमा यसको महत्व बुझी जलवायु परिवर्तनले पारेको असर न्यूनीकरण गर्दै पर्यापर्यटनको प्रबर्द्धन गरेर सानो हिमाली मुलुक नेपालले काँचुली फेर्न लामो समय लाग्दैन। एकातिर अनेकौं हिमालहरुका मौलिक नामकरण नेपालका लागि सधै चुनौतिकै रुपमा रहनु हुन्न। अर्कोतर्फ एभरेष्ट भन्दा आफ्नै मौलिक नाम सगरमाथा या चोमोलुङ्मा स्थापित गर्नेतर्फ सोच्न ढिलो गर्नु हुन्न ।


## पृथ्वी सबैको साझा घर हो ।
## वन्यजन्तु तथा मानवको सहअस्तित्वमा जोड दिऔं ।
## मानव हात्ती द्वन्दको अन्त्य गरौं ।

हात्तीबाट सुरक्षित रहन ध्यान दिनु पर्ने कुराहरुः

- हात्ती आएको थाहा पाउने बित्तिकै जतिसक्दो छिटो सुरक्षित स्थानमा जाने, हात्तीबाट टाढै रहने ।
- हात्ती देख्नासाथ हो-हल्ला नगर्ने, आगोले नहान्ने, पटका नपड्काउने ।
- खेतीबाली, अन्न र घर सम्पत्ती भन्दा पहिला मानिस सुरक्षित रहने ।
- हात्ती धपाउदा सामूहिक प्रयास तथा सुरक्षित दुरीको पालना गर्ने ।
- मदिरा जन्य पदार्थ, नुन, अन्न मानिस सुत्ने ठाउँ नजिक नराख्ने । साथै मदिराजन्य पदार्थको सेवन गरी रातको समयमा हिडडुल नगर्ने ।
- घर वरीपरी बिजुली बत्ती बाल्ने वा शक्तिशाली टर्चको प्रयोग गर्ने ।
- बिहान तथा साँझको मधुरो प्रकाश भएको बेला वा रातीको अध्यारोमा सकभर हिडडुल नगर्ने ।
- बच्चासँग भएको हात्ती र माद चढेको हात्ती बढी आक्रमक हुने भएकाले संयमता अपनाउने ।
- गाउँ बस्तीबाट हात्तीलाई भगाउनु परेमा हात्ती जाने बाटो छोड्ने, चारै तिरबाट घेरा नहाल्ने ।

**याद राखौं, जंगली हात्ती नियन्त्रणको लागि बिद्युतिय धराप थाप्नु दण्डनिय अपराध हो ।**

थप जानकारीको लागि:
डिभिजन वन कार्यालय, झापाको फोन नं. ०२३-४५२०५३
रातीको समयमा वन क्षेत्रको बाटो हिड्दा विशेष सतर्कता अपनाउनुहोस ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा



सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यहीं हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१९

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ